बोदेबरसाईन नगरपालिकाको विनियोजन ऐन २०८१ को संशोधन विधेयक

२०८२

# बोदेबरसाईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बोदेबरसाईन, सप्तरी

बोदेबरसाईन नगरपालिकाको बाह्रौं नगरसभा २०८२ बाट स्वीकृत

मिति २०८२/०१/११ गते

CamScanner

## बोदेबरसाईन नगरपालिकाको १२ औं नगर सभामाबाट भएका नीतिगत निर्णयहरु

१. यस नगरपालिकाको चालु आ.ब. २०८१।८२ को लागि स्विकृत गरिएको बोदेबरसाईन नगरपालिकाको बिनियोजन ऐन २०८१ लाई संशोधन सहित तयार गरिएको बोदेबरसाईन नगरपालिकाको पुरक बजेट २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको ११ औं नगरसभाबाट स्विकृत भएका तपसिल बमोजिमका योजनाहरुका आगामी आ.ब. हरुमा बजेट सुनिश्चितता प्रतिवद्धता गरि चालु आ.ब.मा अधुरो लागत सहित योजनाको संचालन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| क.सं | योजनाको नाम | स्विकृत रकम रु. |
|---|---|---|
| १ | वडा कार्यालयको भवन निर्माण वडा नं १ | १३०००००।०० |
| २ | फूलहरामा शिव मन्दिर निर्माण वडा नं ७ | ५०००००।०० |
| ३ | महनौरीको बिचला मुसहरी टोलको पर्तीमा दिनाभद्री मंदिर निर्माण, वडा नं.-१ | ३०००००।०० |
| ४ | सिताराम मंदिर निर्माण,वडा नं. ९ | ३०००००।०० |

३. यस नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको बोदेबरसाईन नगरपालिकाको न्यायिक समिति (कार्यविधि) सम्बन्धि ऐन २०७४ लाई निम्न अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| दफा | साबिकको व्यवस्था | संशोधन |
|---|---|---|
| ५९(१)क | कम्तिमा स्नातक तह उत्तीर्ण गरेको | कम्तिमा माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेको |
| ५९(२) | मेलमिलापकर्ताको सूची तयार गरिसकेपछि समितिले सूची सभा समक्ष पेशगरि अनुमोदन गराउनु पर्नेछ | मेलमिलापकर्ताको सूची तयार गरिसकेपछि समितिले सूची कार्यपालिका समक्ष पेशगरि अनुमोदन गराउनु पर्नेछ |

४. यस नगरपालिकाको संगठन व्यवस्थापन सर्वेक्षण २०८० मा स्विकृत भएका कम्प्यूटर अपरेटर तथा नगर प्रहरीहरुको रित्त पदको सेवा करारमा लिने प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

५. यस नगरपालिकाको खेलकुद धर्म कला संस्कृति पर्यटन प्रवर्द्धन बिकास सम्बन्धी आर्थिक सहायता कार्यबिधी २०८१ को दफा ७ उप दफा ३ लाई निम्न अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| दफा | साबिकको व्यवस्था | संशोधन |
|---|---|---|
| ७(३) | उपदाफा १ बमोजिम यस नगरपालिका अन्तरगतको स्थानीय बसोबास भएको | उपदाफा १ बमोजिम यस नगरपालिका अन्तरगतको स्थानीय बसोबास भएको प्रमाणित |

CamScanner

| | | |
|---|---|---|
| | प्रमाणित हुने कागजातको आधारमा नेपाल सरकारद्वारा मान्ता प्राप्त शिक्षण संस्थाहरुबाट स्नातक उत्तीर्ण गरेको र बैदेशिक शिक्षण संस्थाबाट स्नातक उत्तीर्ण गरेकोलाई नेपाल सरकारको आधिकारिक निकाय बाट समकक्षता प्रमाणपत्र लिएको महिलालाई सम्बन्धित वडाको सिफारिस निबेदन स्नातक उत्तीर्ण खुल्ने कागजातका आधारमा सम्बन्धित निबेदकलाई एकमुष्ठ रकम रु २०००० प्रोत्साहन स्वरुप भुक्तानि हुनेछ । | हुने कागजातको आधारमा नेपाल सरकारद्वारा मान्ता प्राप्त शिक्षण संस्थाहरुबाट स्नातक उत्तीर्ण गरेको र बैदेशिक शिक्षण संस्थाबाट स्नातक उत्तीर्ण गरेकोलाई नेपाल सरकारको आधिकारिक निकाय बाट समकक्षता प्रमाणपत्र लिएको बिवाहित महिलालाई सम्बन्धित वडाको सिफारिस निबेदन स्नातक उत्तीर्ण खुल्ने कागजात तथा विवाह दर्ताका आधारमा सम्बन्धित निबेदकलाई दोहोरो नहुने गरि एकमुष्ठ रकम रु २०००० प्रोत्साहन स्वरुप भुक्तानि हुनेछ । |

६. मधेश प्रदेश सरकार, मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०८१/१२/२८ गतेको नबपर्वरतन साझेदारी कोष कार्यान्वयनका लागि अबधारणापत्र पेश गर्ने प्रकाशित सूचना बमोजिम नबपर्वरतन साझेदारी कोष कार्यविधि २०७८ को अनुसुचि १ बमोजिम **"डिजिटलाइज्ड प्रविधि युक्त धार सहितको नमुना विद्यालय"** परियोजनाको अबधारणापत्र पेश गर्ने निर्णय गरियो ।

७. नबपर्वरतन साझेदारी कोष कार्यविधि २०७८ को अनुसुचि ७ को दफा (४) बमोजिम परियोजनाको कुल लागानीमा स्थानीय सरकारले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

८. नबपर्वरतन साझेदारी कोष कार्यान्वयनको लागि सम्पर्क व्यक्तिको रूपमा सूचना प्रविधि शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो ।

९. कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सहजीकरण संरचनाका लागि कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख------------------------------------------संयोजक
योजना शाखा प्रमुख-----------------------------------सदस्य
शिक्षा शाखा प्रमुख------------------------------------सदस्य
लेखा शाखा प्रमुख-------------------------------------सदस्य
सुचना प्रविधि शाखा प्रमुख तथा IPF फोक्ल पर्सन-------सदस्य
सम्बन्धित विधालयको प्र. अ.----------------------------सदस्य

प्रमुख प्रशासकीय अधिकृत ---------------------------सदस्य सचिब

१०. यस नगरपालिकाको १५ सैया अधारभुत अस्पताल तथा बर्थिङ सेन्टर संचालनका लागि आवश्यक पर्ने जनशक्ती तथा उपकरणरूका लागि निक सिमन इन्स्टिच्युट (NICK SIMONS INSTITUTEE, NSI) संग समझौता गरी कामकाज अगाडी बढाउने निर्णय गरियो ।

११. आ.ब. २०८०/८१ का लागि सडक बोर्ड बाट स्विकृत भई सम्पन्न भएका तपसिल बमोजिमका योजनाहरुमा यस नगरपालिकाबाट लागत सहभागिता गरिएको निम्न अनुसारको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | सिमराहा डिहवार थान देखि सहदेव यादवको घर सम्म सडक मर्मत वडा नं ९ | १०४२३५०।०० |
| २ | प्रितमपुर दक्षीणवरीया टोले देखि कटहा नदी सम्मको सडक आरसिसि ढलान वडा नं ६ | ८१९५८८।०० |
| ३ | बरसाईनटोलको हृदयलाल यादवको घर देखि चिम्नी सम्म आरसिसि ढलान वडा नं ५ | ७८२१९८।०० |
| ४ | मधुवनको गुदर यादवको घर देखि ठाकुरको घर सम्मको सडक आरसिसि ढलान वडा नं ३ | १०८९१४२।०० |
| ५ | भाटिन स्कूल नजिकको हुलाकी सडक देखि पर्साही जाने बाटो आरसिसि ढलान वडा नं ५ | १०६०६४६।९७ |
| ६ | फुदि पोखरी देखि नक्का पोखरी सम्म आरसिसि ढलान वडा नं ८ | १२४८३९९।०० |

१२. गत आ.ब. मा विद्यालयहरुमा ईन्भर्टर ब्याट्री खरिदको वापत काठमाण्डौ कम्प्युटर एण्ड सप्लायर्स राजविराज, सप्तरीलाई कार्यपालिकाको निर्णयानुसार भएको भुक्तानी रकम रु. ८३४९०५।०० अनुमोदन गरियो ।

१३. यस नगरपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पतालको भुक्तानि अनुमोदन गर्ने निर्णय गरियो ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा नं ८ का लागि कटाहा पैनिमा नहर देखि खेल मैदान सम्म कुलो पैनी निर्माण तथा मर्मत सम्हार योजना स्विकृत गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिका अन्तर्गत वडा नं. १ मा निर्मान सम्पन्न भएका वर्थिङ सेन्टर भवनको अन्तिम विल गाइज बिल्डर्स प्रा.लि., मध्यपुर, ठिमी लाई भुक्तानी गरिएको रु. ३४,२२,०६२।६६ अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

१६. यस नगरपालिका अन्तर्गत सर्भे इन्जिनियरिङ समुह तर्फ अधिकृत स्तर छैठो -१(एक) दरबन्दि संगठन व्यवस्थापन सर्भेक्षण गरि थप गर्न निर्णय गरियो ।

१७. यस नगरपालिकाको सडक यातायात गुरुयोजना निर्माण तथा आवधिक योजना निर्माण सम्बन्धी योजना कन्टिन्जेन्सी बाट भुक्तानि गर्ने गरि नगर कार्यपालिकाबाट निर्णय भई सम्झौता भएकोमा परामर्श दाताले पेश प्रस्तुत गरेको प्रारम्भिक प्रतिवेदन माथि यस समनित नगर सभामा छलफल गरीयो। छलफलबाट टिप्पोट भएका विषयहरुलाई अन्तिम प्रतिवेदनमा समावेश गरि अन्तिम प्रतिवेदन स्वीकृत गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

१८. तराई मधेश सम्रिध्दि कार्यक्रम बाट स्विकृत भएको जनता आधारभुत बिद्यालय भाटिनमा सौचालय निर्माणका लागि रकम रु २५००००० बिनियोजन भएकोमा सोहि रकम र नगरपालिका बाट सझेदारी रकम एवं जन श्रमदान बापतको रकमको परिधी भित्र रहि अधुरो चार कोठे भवन तथा सौचालय समेतको निर्माण कार्य गर्ने गराउने निर्णय गरियो ।

१९. यस नगरपालिकाको बाह्रौं नगर सभा संचालनमा सहयोज पुर्याउने नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु राजनैतिक दलका पदाधिकारी ज्यूहरु बिभिन्न संघ संस्थाका प्रतिनिधी ज्यूहरु लगायत सम्पूर्ण कर्मचारी र समस्त संचारकर्मी उद्योगी ब्यवसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्ने निर्णय गरियो ।

CamScanner